# वनस्पति स्रोत

## समाचार पत्र

### वनस्पति विभागको प्रकाशन

वि.सं. २०७० आश्विन/अक्टोबर २०१३ वर्ष १७ अंक १


## मन्त्रीज्यूको भ्रमण

माननीय कृषि विकास र वन तथा भू-संरक्षण मन्त्री श्री टेक बहादुर थापा (घर्ती) ज्यूले मिति २०७०/४/२८ गतेका दिन वनस्पति



मन्त्रीज्यूद्वारा वनस्पति विभागको अवलोकन

विभागको निरीक्षण भ्रमण गर्नुभयो । उक्त अवसरमा वहाँले वनस्पति सम्पदाको अन्वेषण तथा अनुसन्धानमा यस विभागले पुऱ्याएको योगदानको कदर गर्दै वानस्पतिक विविधताको दिगो सदुपयोग गरी गरिबी निवारणमा टेवा पुऱ्याउने तर्फ ठोस कदम चाल्नुपर्ने बताउनुभयो । कर्मचारीहरूलाई आवश्यक निर्देशन दिनु हुँदै वनस्पति स्रोतको थप अध्ययन र अनुसन्धानमा लाग्न प्रेरित गर्नुभयो । वहाँले यसका लागि मन्त्रालयबाट पूर्ण सहयोग रहने आश्वासन समेत दिनुभयो ।

वनस्पति विभागका महानिर्देशक डा. अन्नपूर्णानन्द दासले विभागको संक्षिप्त परिचय दिनुका साथै विभागद्वारा संचालित विभिन्न गतिविधिहरूका बारेमा जानकारी गराउनु भएको थियो । माननीय मन्त्रीज्यूले वनस्पति विभाग तथा प्राकृतिक सम्पदा अनुसन्धानशालामा रहेका विभिन्न प्रयोगशालाहरूको अभिरुचिपूर्वक अवलोकन पनि गर्नुभएको थियो ।

## वार्षिक समिक्षा गोष्ठी

आ.व. २०६९/०७० मा वनस्पति विभागद्वारा संचालित सम्पूर्ण कार्यक्रमको वार्षिक समिक्षा गोष्ठी मिति २०७० श्रावण २८ र २९ गते विभागको सभाकक्षमा सम्पन्न भयो । उक्त गोष्ठी महानिर्देशक डा. अन्नपूर्णानन्द दासज्यूको सभापतित्व तथा वन तथा भू-संरक्षण मन्त्रालय, अनुगमन तथा मूल्यांकन महाशाखाका उप-सचिव श्री किरण डंगोलज्यूको आतिथ्यमा भएको थियो । कार्यक्रमको उद्घाटनमा यस विभागका अनुगमन तथा मूल्यांकन अधिकृत श्री शिव सागर चौधरीज्यूले उपस्थित सबैलाई स्वागत गर्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । सो अवसरमा महानिर्देशकज्यूले उपस्थित सबै कर्मचारीहरूलाई गोष्ठी सम्बन्धी आवश्यक निर्देशन दिनुभएको थियो ।

कार्यक्रममा विभागका सबै शाखा प्रमुख, केन्द्रीय कार्यालयहरू राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला, राष्ट्रिय वनस्पति उद्यान र प्राकृतिक सम्पदा अनुसन्धानशालाका कार्यालय प्रमुख र जिल्ला वनस्पति कार्यालयहरू इलाम, धनुषा, मकवानपुर, बाँके, सल्यान, जुम्ला र कैलालीका कार्यालय प्रमुख/प्रतिनिधिज्यूहरूले आ-आफ्नो कार्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा कार्यक्रमको प्रगति र उपलब्धी सहित



समिक्षा गोष्ठीका सहभागीहरु


वन तथा भू-संरक्षण मन्त्रालय

**वनस्पति विभाग**

थापाथली, काठमाडौं, नेपाल, पो.ब.नं. २२७०

टेलिफोन: ४-२५११३९, ४-२५११६०, ४-२५११५९, ४-२५११७१, फ्याक्स: ९७७-१-४२५११४१

E-mail: info@dpr.gov.np, Website: www.dpr.gov.np

## सम्पादकीय...

सृष्टिको प्रारम्भदेखि नै मानव लगायत सम्पूर्ण जीव जगत नै वनस्पति स्रोत माथि निर्भर रहँदै आएको छ । मानव जीवनको जन्मदेखि मृत्यु पर्यन्त यी वनस्पतिहरूको आवश्यकता परि नै रहन्छ । सामाजिक तथा धार्मिक महत्व समेत बोकेका यस्ता वनस्पतिहरू आर्थिक उपार्जनको समेत दह्रो स्रोत बन्न सक्छन् । वानस्पतिक विविधताले भरिपूर्ण हाम्रो देश जडीबुटीको अथाह भण्डारको रुपमा समेत परिचित छ । यस्ता अमूल्य निधिहरूको उचित व्यवस्थापन हुन नसक्दा त्यसै खेर गइरहेको अवस्था छ ।

प्राणी जीवनको एक महत्वपूर्ण अंगको रुपमा स्थापित बहुमूल्य वनस्पतिहरूको दिगो संरक्षण आजको प्रमुख चुनौती बन्न पुगेको छ । बढ्दो जनसंख्याको चापसंगै वन क्षेत्रको अतिक्रमण र जथाभावी रुपमा गरिने वन जंगल विनाशले महत्वपूर्ण जडीबुटीहरू लोप हुने खतरामा पुगिसकेका छन् । आधुनिक चिकित्साको जग समेत मानिने यस्ता जडीबुटीहरूको उचित प्रबर्द्धन गर्दै ग्रामीण गरिबी निवारणमा टेवा पुऱ्याई समग्र राष्ट्रको आर्थिक समृद्धि हासिल गर्नु नै आजको प्रमुख आवश्यकता हो । यसका लागि सम्बद्ध सबै निकायबाट आवश्यक पहल गरिनुका साथै नीतिगत तहमा समेत प्रभावकारी कदमहरू चालिनु पर्छ । जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार नीति २०६१ लाई समय सापेक्ष परिमार्जन गरी त्यसको उचित कार्यान्वयन हुनु समेत जरुरी देखिन्छ ।

समग्र बिश्व नै एक गाउँको अवधारणा अनुरुप बढ्दो विश्वव्यापीकरणबाट जतिसक्दो बढी लाभ लिन हाम्रा बहुमूल्य जडीबुटीहरूको उचित सम्बर्द्धन तथा आधुनिक र नविनतम खेती प्रविधि विकास गरी तिनको दिगो सदुपयोग गर्ने तर्फ अग्रसर हुँदै जानुपर्ने तर्फ ठोस कदम चाल्नु पर्छ । यसै परिप्रेक्ष्यमा वनस्पति विभागले आफ्नो स्थापना कालदेखि नै जडीबुटीको विकासमा अग्रणी भूमिका निर्वाह गर्दै आएको कुरा सर्वविदितै छ, सोही अनुरुप आफ्ना क्रियाकलापहरू अझ प्रभावकारी र सशक्त रुपमा जनसमक्ष पुऱ्याउने काममा यो विभाग निरन्तर लागिरहेको छ ।

यस्ता बहुमूल्य जडीबुटीहरूको उचित संरक्षण र सदुपयोग गर्दै यिनको संरक्षण र सदुपयोग सम्बन्धी परम्परागत ज्ञानलाई अभिलेखिकरण गरी त्यसबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड हुनु पर्छ । यस दिशामा रणनीतिक कदम त चालिएका छन् तर त्यति मात्र पर्याप्त छैन । जैविक विविधता महासन्धि १९९२ को पक्षधर राष्ट्र हुनका साथै नेपालले विश्व व्यापार संगठनमा समेत प्रवेश गरिसकेको सन्दर्भमा जैविक स्रोतमा पहुँच र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँडको विषयलाई कानूनी रुपमै सम्बोधन हुन सकेमा मात्र हाम्रा अमूल्य वनस्पति सम्पदाहरू वास्तवमै आर्थिक समृद्धिको संवाहक बन्न सक्छन् ।

कार्यान्वयनमा आइपरेका समस्याहरू तथा समाधानका उपायहरूका बारेमा पनि छलफल भएको थियो ।

उक्त गोष्ठीको समापनका अवसरमा उप-महानिर्देशक श्री सुषमा उपाध्यायज्यूले विभागबाट संचालित कार्यक्रमहरूलाई थप प्रभावकारी र सशक्त ढंगबाट अगाडि बढाउनुपर्नेमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । साथै विभागीय शाखाहरूको तर्फबाट श्री केशव पौडेल र जिल्ला वनस्पति कार्यालयहरूको तर्फबाट श्री सुनिल कुमार आचार्यले कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्या र समाधानका बारेमा आ-आफ्नो छोटो मन्तव्य र सल्लाह सुझाव व्यक्त गर्नुभएको थियो । अन्त्यमा गोष्ठीको समापन गर्दै कार्यक्रमका सभापतिले आगामी कार्यक्रमहरूलाई समय सापेक्ष सुधार गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्नुका साथै विभागको सबलिकरणका लागि सम्बद्ध सबैलाई दत्तचित्त भएर लाग्न प्रेरित गर्दै कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद दिनुभएको थियो ।

## पदस्थापन/पदोन्नति/सरूवा

- यस विभाग अन्तर्गत जिल्ला वनस्पति कार्यालय कैलालीमा पदाधिकार रहनुभएका नेपाल वन सेवा वोटानी समूह, रा.प. द्वितीय श्रेणीका वनस्पति अधिकृत श्री संजीव कुमार राई मिति २०७०/५/१ देखि लागु हुने गरी यसै विभागको विशेष पदमा सरुवा हुनुभएको छ ।
- यस विभागको प्रचार प्रसार शाखामा कार्यरत विविध सेवा, रा.प.तृ. श्रेणीका कम्प्युटर अधिकृत श्री अनिता अधिकारी सामान्य प्रशासन मन्त्रालयको मिति २०७०/५/१४ को निर्णय अनुसार बढुवा समायोजन भै अर्थ मन्त्रालयमा सरुवा हुनुभएको छ ।
- लोकसेवा आयोगको खुला प्रतिस्पर्धाबाट आउनु भएका श्री प्रमेश बहादुर लाखे नेपाल वन सेवा, वोटानी समूह, रा.प.तृ. श्रेणीको सहायक बैज्ञानिक अधिकृत पदमा वनस्पति विभागको मिति २०७०/५/२१ को निर्णय अनुसार यसै विभागमा पदस्थापन हुनुभएको छ ।
- यस विभागको प्रशासन शाखामा कार्यरत ना.सु. श्री सुस्मिता शर्मा लोकसेवा आयोगको खुला प्रतिस्पर्धाबाट छनोट हुनु भई नेपाल प्रशासन सेवा, लेखा समूह, रा.प.तृ. श्रेणीको लेखा अधिकृत पदमा लोकसेवा आयोगको मिति २०७०/५/२७ को निर्णय अनुसार स्थायी नियुक्ति हुनुभएको छ ।
- यस विभागको प्रचार प्रसार शाखामा कार्यरत ईञ्जिनियरिङ सेवा, केमेष्ट्री समूह, रा.प. द्वितीय श्रेणीका प्रचार प्रसार अधिकृत श्री तारा दत्त भट्ट सामान्य प्रशासन मन्त्रालयको मिति २०७०/६/१३ को निर्णय अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सरुवा हुनुभएको छ ।

वनस्पति विभाग परिवार वहाँहरूलाई हार्दिक बधाईका साथै उत्तरोत्तर प्रगति र सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।

## गोष्ठी/अन्तरक्रिया

### Access Benefit Sharing सम्बन्धी अन्तरक्रिया कार्यक्रम

यस विभागका वैज्ञानिक अधिकृत श्री रमेश बस्नेत मिति २०७०/४/२५ (९ अगष्ट, २०१३) गते वन तथा भू-संरक्षण मन्त्रालय, ICIMOD र RECAST/TU को आयोजनामा कीर्तिपुरमा संचालित Interaction Programme on Access Benefit Sharing (ABS) विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभयो ।

### व्यवसायिक जडीबुटीहरूको खेती (PPP Model) गोष्ठी संचालन कार्यक्रम

पर्वतीय वनस्पति उद्यान दामनमा मिति २०७०/६/१२ गतेका दिन नेपाल व्यापार एकिकृत रणनीति कार्यक्रम अन्तर्गत वैज्ञानिक तरिकाले व्यवसायिक जडीबुटीहरूको खेती गरी वृहत मात्रामा



गोष्ठीको एक झलक

गुणस्तरीय जडीबुटीहरू उत्पादन गर्न तथा सोबाट कृषकहरूको आय आर्जन वृद्धि गराउन सहयोग गर्ने उद्देश्यले एक अभिमुखीकरण गोष्ठी संचालन गरिएको थियो । व्यावसायिक जडीबुटीहरूको खेती (PPP Model) कार्यक्रम अन्तर्गत ऋषेश्वर सामुदायिक वनका अध्यक्ष श्री राजेश के.सी.को अध्यक्षतामा सम्पन्न भएको उक्त गोष्ठीमा वनस्पति विभागका योजना अधिकृत श्री वेद निधि शर्मा तथा उपसचिव श्री रोज श्रेष्ठले सहजीकरण गर्नुभएको थियो । समूहमा आबद्ध ११ जवान कृषकद्वारा हरेक घरधुरीबाट ५ रोपनीको हिसावले ५५ रोपनी जग्गामा PPP Model मा व्यवसाय जन्य जडीबुटीहरूको खेती गर्न सहमति भएको छ । सो कार्यको लागि कार्य विभाजन सम्झौता पनि तयार भएको छ । खेती विस्तारको लागि जग्गाको प्रकार हेरी रोजमेरी, लौठसल्ला, जैतुन, मेन्था, बोझो र लेमनग्रासको खेती गर्न कृषक सहमत भएका छन् । खेती प्रविधि तथा मूल्य अभिवृद्धि (संकलन भण्डारण) को लागि तालिमको आवश्यकता पनि औंल्याइएको छ । तालिम, प्राविधिक सहयोग तथा वीउ विजनको व्यवस्था वनस्पति विभागले गर्ने र जग्गा, मल तथा श्रमको लागि समूहबाट नै लगानी गर्ने सम्झौता गरिएको छ ।

### जडीबुटी निकासी सम्बन्धी अन्तरक्रिया कार्यक्रम

जडीबुटी निकासी सम्बन्धी तथ्यांक संकलन, छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०७०/६/१३ गते जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकका जिल्ला वन अधिकृत श्री इन्द्र बहादुर प्रछाईज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । सम्बद्ध सरोकारवालाहरूको सहभागिता रहेको उक्त कार्यक्रममा जडीबुटी निकासी, उत्पादन र संरक्षणका विषयमा छलफल भएको थियो । सो कार्यक्रमको संचालन वनस्पति विभागका स.यो.अ. श्री रघुराम पराजुलीले गर्नुभएको थियो । वहाँले वनस्पति विभागको उद्देश्य र विभागले गरेका प्रमुख कार्यहरूको बारेमा जानकारी पनि दिनुभएको थियो । कार्यक्रम सहयोगीको रुपमा विभागका क.अ. श्री अर्जुन न्यौपाने हुनुहुन्थ्यो । साथै तातोपानी भन्सार कार्यालय र प्लान्ट क्वारेन्टाइन कार्यालय, तातोपानीमा पुगी जडीबुटी निकासीको तथ्यांक पनि संकलन गरिएको थियो । जिल्लाका विभिन्न गा.वि.स.मा लौठसल्ला, चिराइतो, सतुवा जस्ता जडीबुटीहरू उत्पादन हुने गरेको छ ।

## तालिम

- Nepal Flora Publication का लागि वनस्पति विभागको मानव संसाधनको Capacity Building गर्न यस विभागले मिति २०७०/३/२४ गते राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा विभागका १९ जना वनस्पतिविदहरूलाई Illustrative Drawing, Workshop com Training तालिम संचालन गरेको थियो । सो तालिमको प्रशिक्षकमा श्री निरा जोशी प्रधान, संयोजक र उपसंयोजकमा क्रमश वैज्ञानिक अधिकृत रमेश बस्नेत र उद्यान अधिकृत सुभाष खत्री हुनुहुन्थ्यो ।




तालिमका सहभागीहरु

- वनस्पति विभागका सहायक योजना अधिकृत श्री रघुराम पराजुली नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले मिति २०७०/०४/१५ देखि २०७०/०५/३१ (30 July- 16 September, 2013) सम्म सञ्चालन गरेको ३० कार्यदिनको "Project Planning: Preparation and Analysisfor Class III Technical Officers of Government of Nepal" विषयक सेवाकालिन तालिममा सहभागी हुनुभयो ।

- वन तथा भू-संरक्षण मन्त्रालय, योजना तथा जनशक्ति महाशाखाद्वारा मिति २०७०/५/८ देखि १४ सम्म संचालित सेवा प्रवेश तालिममा यस विभागबाट सहायक वैज्ञानिक अधिकृत श्री प्रमेश बहादुर लाखे, सहायक अनुसन्धान अधिकृतद्वय श्री राजेन्द्र आचार्य र श्री अमृत के.सी. सहभागी हुनुभयो ।

- वनस्पति विभागका खरीदार श्री सुशिला शर्मा लोहनी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले मिति २०७०/०५/९ देखि २०७०/०६/१३ सम्म सञ्चालन गरेको "Computer Advance" विषयक सेवाकालीन तालिममा सहभागी हुनुभयो ।

## प्रकाशन

१. रघुराम पराजुली, ***पाखनवेद-एक जानकारी,*** **हाम्रो कल्पवृक्ष,** वर्ष २३, अंक २६१, २०६९

२. रघुराम पराजुली, ***जैविक विविधता र परम्परागत ज्ञान,*** **राजधानी राष्ट्रिय दैनिक,** २०७०/५/३

३. रघुराम पराजुली, ***जलवायु परिवर्तन र वन सम्पदा,*** **राजधानी राष्ट्रिय दैनिक,** २०७०/५/१०

४. रघुराम पराजुली, ***हरितगृह ग्याँस र वातावरण प्रदुषण,*** **राजधानी राष्ट्रिय दैनिक,** २०७०/५/१८

५. रघुराम पराजुली, ***जैविक विविधता र जलवायु अनुकूलता,*** **राजधानी राष्ट्रिय दैनिक,** २०७०/६/४

६. रघुराम पराजुली, ***कार्वन उत्सर्जन कटौतीमा वनस्पति*** **राजधानी राष्ट्रिय दैनिक,** २०७०/६/११

७. रघुराम पराजुली, ***पर्यावरण जोगाउन ओजोन संरक्षण,*** **राजधानी राष्ट्रिय दैनिक,** २०७०/६/१७

८. रघुराम पराजुली, ***वनस्पतिः प्रविधि र समृद्धि*** **राजधानी राष्ट्रिय दैनिक,** २०७०/६/२२

९. रमेश बस्नेत, ***बहुउपयोगी वनस्पति- काउलो, संरक्षणको पर्खाइमा,*** **हाम्रो सम्पदा, राष्ट्रिय मासिक,** २०७० जेठ वर्ष १३ अंक १

१०. Parajuli, R.R 2013. **Study on Local Uses of Medicinal Plants in Nayabazar, Pyang and Jamuna VDCs of Ilam District.** *Nepal Journal of Science and Technology* Vol.14, No.1 pp.57-66.

## प्राकृतिक सम्पदा अनुसन्धानशाला

### पदस्थापन

- नेपाल सरकार (सचिवस्तर) को मिति २०७०/३/२४ को निर्णय अनुसार यस अनुसन्धानशालामा रिक्त रहेको ईन्जिनियरिङ्ग सेवा केमेष्ट्री समूह रा.प. तृतीय श्रेणीको स.अ.अ. पदमा श्री अनुराधा ज्ञवाली पदस्थापन हुनुभएको छ ।

- लोकसेवा आयोगको मिति २०७०/५/२६ को निर्णय अनुसार यस अनुसन्धानशालामा रिक्त रहेको इन्जिनियरिङ्ग सेवा केमेष्ट्री समूह रा.प.अनं.प्र.(प्रा.) श्रेणीको अ.के. पदमा श्री भद्रिका भट्टराई पदस्थापन हुनुभएको छ ।

### तालिम

- वन तथा भू-संरक्षण मन्त्रालयद्वारा मिति २०७०/५/८ गतेदेखि १४ सम्म संचालित सेवा प्रवेश तालिममा यस कार्यालयका सहायक अनुसन्धान अधिकृत श्री अनुराधा ज्ञवाली सहभागी हुनुभयो ।

- श्रम विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजनाद्वारा मिति २०७०/५/९ देखि ११ गतेसम्म संचालित सरकारी कर्मचारीहरूका लागि "व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यान्वयन" विषयक ३ दिवसीय तालिममा यस कार्यालयका सहायक अनुसन्धान अधिकृतद्वय श्री सम्झना प्रधान र श्री कुलशोभा शाक्य सहभागी हुनुभयो ।

## राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला, गोदावरी

### निरीक्षण भ्रमण

माननीय कृषि विकास र वन तथा भू-संरक्षण मन्त्री श्री टेक बहादुर थापा (घर्ती)ज्यूले मिति २०७०/४/१८ गतेका दिन राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालाको निरीक्षण तथा अवलोकन भ्रमण गर्नुभयो । उक्त अवसरमा स्वागत गर्दै प्रयोगशालाका प्रमुख डा. खेमराज भट्टराईले हर्बेरियमको संक्षिप्त परिचय दिनुका साथै हर्बेरियमद्वारा संचालित विभिन्न गतिविधिहरूका बारेमा जानकारी गराउनु भएको थियो ।

### पदस्थापन

- लोकसेवा आयोगको खुल्ला प्रतिस्पर्धाबाट आउनु भएका सहायक अनुसन्धान अधिकृतद्वय श्री राजेन्द्र आचार्य र श्री अमृत के.सी. वनस्पति विभागको मिति २०७०/५/२१ को निर्णय अनुसार राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालामा पदस्थापन हुनुभएको छ ।

- लोकसेवा आयोगको वैकल्पिक सिफारीसबाट राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालामा मिति २०७०/५/२६ बाट श्री गंगा रिजाल पदस्थापन हुनुभएको छ ।

राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला परिवार वहाँहरूलाई बधाई तथा स्वागत गर्दछ ।

### तालिम

- राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालाका वरिष्ठ अनुसन्धान अधिकृत डा. खेमराज भट्टराई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नेपाल सरकारका राजपत्राङ्कित द्वितीय श्रेणीका

अधिकृत कर्मचारीहरूका लागि मिति २०७०/५/३ देखि २०७०/६/१७ सम्म संचालन गरेको ३० कार्य दिने "Governance and Development" विषयक सेवाकालिन तालिममा सहभागी हुनुभयो ।

- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाका असिष्टेन्ट बोटानिष्ट श्री किरण कुमार पोखरेल कर्मचारी प्रशिक्षण प्रतिष्ठानद्वारा संचालित नेपाल सरकारका रा.प.अनं. प्रथम श्रेणीका कर्मचारीहरूका लागि मिति २०७०/५/२० देखि २०७०/६/२३ सम्म ३० कार्य दिने "**कार्यालय व्यवस्थापन**" विषयक सेवाकालीन तालिममा सहभागी हुनुभयो ।

## राष्ट्रिय वनस्पति उद्यान

### बिरुवाहरूको ट्यागिङ्ग

राष्ट्रिय वनस्पति उद्यान गोदावरी भित्र रहेका विभिन्न प्रजातिका बिरुवाहरूको नामाकरण गर्नुका साथै ट्यागिङ गर्ने कार्य सम्पन्न भएको छ । ट्रपिकल हाउसमा ८३ प्रजातिका ट्रपिकल बिरुवाहरू, अर्किड हाउसमा ४३ प्रजातिका अर्किडहरू, संरक्षण तथा शैक्षिक उद्यानमा ८९ प्रजातिका बिरुवाहरू, फिजिक गार्डेनमा १३३ प्रजातिका मेडिसिनल बिरुवाहरू तथा अर्नामेन्टल हाउसमा ३७ प्रजातिका फूल बिरुवाहरू संरक्षण गरी राखिएको छ ।

### वृक्षारोपण

- माननीय कृषि विकास र वन तथा भू-संरक्षण मन्त्री श्री टेक बहादुर थापा (घर्ती)ज्यू तथा वनस्पति विभागका महानिर्देशक डा. अन्नपूर्णानन्द दासज्यूले उद्यान परिसरमा मिति २०७०/४/१८ गते सुनचाँप (*Michelia volutina*) का बिरुवाहरू रोपण गर्नुभयो ।
- वन तथा भू-संरक्षणका मन्त्रालयका तत्कालिन सचिव डा. कृष्ण चन्द्र पौडेलज्यूले उद्यान परिसरमा मिति २०७०/३/१ गते लेखपांग्रा (*Aesculus indica*) र लालिगुराँस (*Rhododendron arboreum*) का विरुवाहरू रोपण गर्नुभयो ।
- राष्ट्रिय वनस्पति उद्यानका सम्पूर्ण कर्मचारीहरूद्वारा संरक्षण तथा शैक्षिक उद्यान शाखामा मिति २०७०/५/२० गते टिमुर (*Zanthoxylum armatum*) र लौठसल्ला (*Taxus wallichiana*) का ३० वटा बिरुवाहरू रोपण गर्ने कार्य भयो ।

### राजश्व संकलन तथा आगन्तुक

आ.व. २०७०/७१ को श्रावण १ गतेदेखि भदौ मसान्तसम्म विभिन्न शिर्षकहरूबाट रु. ५,६४,८९०।- (अक्षरेपी रु. पाँच लाख चौसट्ठी हजार आठ सय नब्बे) संकलन भयो । सोही अवधिमा स्वदेशी ३३,३७६ र विदेशी ४६८ गरी कूल जम्मा ३३,८४४ जना आगन्तुकहरूद्वारा उद्यानको अवलोकन भयो ।

## जिल्ला वनस्पति कार्यालय, कैलाली

जिल्ला वनस्पति कार्यालय कैलालीको देवरिया वनस्पति उद्यानमा **उद्यानलाई बायोफेन्सिङ्को माध्यमबाट संरक्षण गर्ने** कार्यक्रम अन्तर्गत गुलाफ (*Rosa* sp.), वगेनभेलिया (*Bougainvillea* sp.), सिकाकाई (*Acacia rugata*), र निलकाँडा (*Duranta repens*) का करिव २००० कटिङ्ग राखिएका छन् ।


नर्सरी ब्याडमा कटिङ्ग राख्दै

देवरिया वनस्पति उद्यान धनगढी न.पा.कै रमणीय स्थलको रुपमा परिचित रहेको छ । यहाँ विभिन्न फूल विरुवा, वनस्पति तथा जडिबुटीहरूको स्वस्थानीय तथा परस्थानीय संरक्षण गरिएको छ । यस उद्यानभित्र १५ हे. क्षेत्रफलमा फैलिएको ताल समेत रहेको छ । यस उद्यानमा स्वदेशी, विदेशी, स्थानीय स्कूल, कलेज तथा जिल्ला वाहिरका विद्यार्थीहरू समेत अवलोकन भ्रमण गर्न बेलाबेलामा आउने गर्दछन् । आ.व. २०७०/०७१ को भाद्र १० देखि भाद्र मसान्तसम्ममा उद्यानको मूल प्रवेशद्वारबाट प्रवेश गरी अवलोकन गर्ने अवलोकनकर्ताहरूको संख्या १९७० रहेको छ ।

### संकलन भ्रमण

जिल्ला वनस्पति कार्यालय कैलालीका वनस्पति अधिकृत श्री मधु सुदन थापा मगर, स.व.अ. श्री कृष्णराम भट्टराई र का.स. श्री हेम वहादुर विष्टको टोलीले मिति २०७०/०५/२८ देखि २०७०/०६/०३ सम्म सुदुर पश्चिम क्षेत्रको डोटी, बभाङ्ग, बाजुरा र अछाम जिल्लाका विभिन्न स्थानहरू लगायत खप्तड राष्ट्रिय निकुञ्जको भ्रमण गरी कुरिलो, अमला, लप्सी, तेजपात, धुपी, सल्लो, सजिवन आदिका बीउ तथा बेर्ना संकलन गरी ल्याएको छ । साथसाथै टोलीद्वारा खप्तड क्षेत्रका विभिन्न स्थानहरू जस्तै: खप्तड दह, घोडे दाउन, सहश्र लिंगेश्वर आदि स्थानका Algae, Fungi, Lichens, Bryophytes, Pteridophytes, Gymnosperms तथा Angiosperms समूहका वनस्पतिहरूको अवलोकन तथा तस्वीर खिच्ने कार्य समेत भएको छ ।

## जिल्ला वनस्पति कार्यालय, धनुषा

### संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी प्रजातिको वासस्थान संरक्षण (In-situ Conservation)

जिल्ला वनस्पति कार्यालय, धनुषाबाट पुष्पलपुर गा.वि.स. वार्ड नं. ९ स्थित राष्ट्रिय वनमा *Cycas pectinata* फेला पारिएको छ । पुष्पलपुर मुख्य सडकबाट करीब ८ कि.मी. उत्तरपूर्व जगधर खोलादेखि पूर्वतर्फको चुरीयाको फेदीमा करिब १५० मी. उचाइमा उक्त

प्रजाति भेटिएको हो । जगधर र सनी खोलाको दोभानमा रहेको उक्त स्थान खोलादेखि करिब ४० मी. माथि रहेको छ । करीब १५०० वर्ग मी. (५०x३० व.मी.) क्षेत्रभित्र जम्मा २० वटा *Cycaspectinata* का बोटहरू पाइएको थियो । बोटको उचाइ ५०-६० से.मी.देखि ७-८ मी.सम्म रहेको पाइयो । *Cycas pectinata* संगसगैं associated species का रुपमा भलायो, दबदबे, कुसुम, कालीकाठ, हर्रो, बर्रो, साल, फिरफिरे, सतिसाल, अम्रिसो आदि रहेका छन् । स्थानीय भाषामा यसलाई जकर भनिन्छ भने कलबलका नामले यो प्रसिद्ध छ । यो बिरुवा CITES मा समेत अनुसूचित छ । स्थानीय बासीका अनुसार यसको मुना (टुसा) को तरकारी खाइन्छ भने यसको दानालाई दूधमा पकाएर सुकाएपछि जाइफलको रुपमा प्रयोग गरिन्छ ।

### पकेट क्षेत्रमा जडीबुटी खेती

जडीबुटी विकास कार्यक्रम अन्तर्गत धनुषा जिल्लाको पकेट क्षेत्र पुष्पलपुर र नक्टाभिज गा.वि.स.को ३.५२ हे. क्षेत्रफलमा जडीबुटी (सतावरी) खेती संचालन गरिएको छ । यस कार्यक्रममा ५ वटा समूहका ४६ सदस्य (२१ महिला र २५ पुरुष) समावेश छन् । अनुदान कार्यक्रम अन्तर्गत २२ कृषकले भाटीघारी सा.व. क्षेत्रमा र ५ कृषकले आफ्नै निजी जग्गामा खेती गरेका छन् । साथै पकेट क्षेत्र सुदृढीकरण कार्यक्रम अन्तर्गत चमिनिया जडीबुटी खेतीकर्ता उपसमूह, पुष्पलपुर र औरही बाबा जडीबुटी खेतीकर्ता उपसमूह, नक्टाभिजबाट समेत सतावरी खेती संचालन गरिएको छ । सबै समूहका कृषकहरूलाई जडीबुटी खेती तालिम र अवलोकन भ्रमणमा समावेश गराइएको थियो । यस अन्तर्गत जम्मा ४० हजार सतावरीको बोट रोपण गरिएको छ । आगामी साढे २ वर्षमा यसको जरा बिक्रीबाट करिब ७० लाखदेखि १ करोड रुपैयाँसम्म आम्दानी हुने अपेक्षा गरिएको छ ।

## जिल्ला वनस्पति कार्यालय, इलाम

### प्राथमिक उपचारको लागि महिलाहरूको संलग्नतामा होम हर्वल गार्डेन सम्बन्धी अभिमुखिकरण गोष्ठी

जिल्ला वनस्पति कार्यालयले मिति २०७०/१/१७ गतेका दिन नयाँबजार होम हर्बल गार्डेन समूहका १५ जना सदस्यहरूको सहभागितामा चिराईतो खेती सम्बन्धी अभिमुखिकरण गोष्ठी संचालन गरेको थियो ।

### साना किसान जडीबुटी खेती कार्यक्रम सम्बन्धी अभिमुखिकरण गोष्ठी

जिल्ला वनस्पति कार्यालयले मिति २०७०/१/१८ गतेका दिन नयाँबजारको नमुना जडीबुटी कृषक समूहका १५ जना सदस्यहरूको सहभागितामा चिराईतो खेती सम्बन्धी अभिमुखिकरण गोष्ठी संचालन गरेको थियो ।




अभिमुखिकरण गोष्ठीका सहभागीहरु

### जैविक विविधता दिवस

विश्व जैविक विविधता दिवस २०१३ मिति २०७०/२/१० गतेका दिन जिल्ला वन कार्यालयका जिल्ला वन अधिकृतको अध्यक्षता र वनस्पति कार्यालयका प्रमुख श्री मदन कुमार खड्काको संयोजकत्वमा "पानी र जैविक विविधता" भन्ने मूल नाराका साथ माईपोखरी वनस्पति उद्यानमा लौठसल्लाका बिरुवाहरू रोपण गरी मनाइयो ।




विश्व जैविक विविधता दिवसका सहभागीहरु

सो अवसरमा विभिन्न कार्यालयका प्रमुखहरू, संघ संस्थाका प्रतिनिधि, संचारकर्मी र स्थानीय सरोकारवालाहरूको सहभागितामा जैविक विविधताको संरक्षण तथा उपयोगका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम गरियो । साथै इलामको भालुकटेरी सामुदायिक वन क्षेत्रमा विभिन्न संघ संस्था, कार्यालयका प्रतिनिधि, संचारकर्मीको उपस्थितिमा इलामको माईपोखरी आचारसंहिताका बारे छलफल गर्नुका साथै विभिन्न प्रजातिका बिरुवाहरू रोपण गरिएको थियो ।

## पकेट क्षेत्र सुदृढीकरण कार्यक्रम अन्तर्गत नर्सरी व्यवस्थापन तालिम

जिल्ला वनस्पति कार्यालय प्रमुखको अध्यक्षतामा पकेट क्षेत्र सुदृढीकरण कार्यक्रम अन्तर्गत मिति २०७०/३/१३ र १४ गतेका दिन जोगमाई इलामको काली खोप डढेले सामुदायिक वनको

चियावारी सामुदायिक भवनमा २५ जनाको संलग्नतामा नर्सरी व्यवस्थापन तालिम संचालन गरिएको थियो । श्री उमाकान्त भट्टराई र श्री अर्चना सुवेदीद्वारा मैनवत्ती बाली संयुक्त रुपमा उद्घाटन भएको कार्यक्रममा जिल्ला वनस्पति कार्यालयका हे.फि.अ. श्री दिपेन बमले उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो । सो अवसरमा जिल्ला वनस्पति कार्यालयका प्रमुखले सतुवा, लौठसल्ला, चिराईतो जस्ता जडीबुटीहरूको नर्सरी विधि र व्यवस्थापनबारे जानकारी गराउनु भएको थियो । त्यसैगरी माईपोखरी वनस्पति उद्यानका नर्सरी नाइके श्री राम राई र श्री लाक्पा शेर्पाले लौठसल्ला कटिङ्ग, नर्सरी विधि सम्बन्धी प्रयोगात्मक सीप सिकाउनु भएको थियो ।

## संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी प्रजातिको वासस्थान संरक्षण सम्बन्धी गोष्ठी

मिति २०७०/३/१५ गतेका दिन २५ जनाको संलग्नतामा संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी प्रजातिको वासस्थान संरक्षण सम्बन्धी गोष्ठी जोगमाई इलामको काली खोप डढेले सामुदायिक वनको चियावारी सामुदायिक भवनमा सम्पन्न भएको थियो । उक्त अवसरमा जिल्ला वनस्पति कार्यालयका प्रमुख र नयाँवजार रेन्जपोष्ट कार्यालयका सहायक वन अधिकृतले सामुदायिक वनमा रहेका सतुवा एवं अन्य जडीबुटीको संरक्षण तथा चोरी निकासी नियन्त्रण, वन नियमावली, जडीबुटी निकासीका लागि कानुनी प्रक्रिया तथा सामुदायिक वनको परिचय बारेमा जानकारी गराउनु भएको थियो ।

## स्थानीय रेडियोबाट चेतनामूलक कार्यक्रम प्रसारण

स्थानीय रेडियोहरू इलाम एफ.एम.बाट (शनिवार ६.४५ देखि ७.०० बजेसम्म) फिक्कल एफ.एम.बाट (शुक्रबार ७.३० दखि ७.४५ बजेसम्म) र वाणी एफ.एम.बाट (बिहिवार ८.३० देखि ८.४५ बजेसम्म) सम्म ७ वटा एपिसोड बनाई जडिबुटीको संरक्षण, दिगो संकलन, व्यवस्थापन, खेती विस्तार तथा स्थानीय बजारको मूल्य सम्बन्धी चेतनामूलक कार्यक्रम प्रसारण सम्पन्न भएको छ ।

## अवलोकन भ्रमण

जिल्ला वन कार्यालयका जिल्ला वन अधिकृत श्री राजेन्द्र काफ्लेको नेतृत्व र वनस्पति कार्यालयका प्रमुख श्री मदन कुमार खड्काको संयोजकत्वमा पकेट क्षेत्रका सामुदायिक, सार्वजनिक, कृषि वन समूहका जडीबुटी उद्यमी, सहकारी सदस्य, सम्बन्धित सरोकारवाला, संचारकर्मी र स्थानीय सम्मिलित एक टोलीले मिति २०७०/३/२८ देखि २०७०/३/३१ गतेसम्म पाँचथर, ताप्लेजुङ्ग र इलामका विभिन्न स्थानमा जडिबुटी तथा आयमूलक खेती र वन उद्यम सम्बन्धी स्थलगत अवलोकन भ्रमण सम्पन्न गरेको छ ।

## जैविक स्रोत तथा वानस्पतिक परम्परागत उपयोगको ज्ञानको अभीलेखिकरण

जिल्ला वनस्पति कार्यालयका श्री मदन कुमार खड्का र वनस्पति विभागका स. तालिम अधिकृत श्री मोहन देव जोशीद्वारा दानावारी गा.वि.स. इलामको मगर जातिले प्रयोग गर्ने विभिन्न ८१ प्रजातिका बिरुवाहरूको अभिलेख तयार गरिएको छ ।

**वनस्पति परिचय-३०**

# निशोध


- **सुनिल कुमार आचार्य**
वनस्पति अधिकृत
जिल्ला वनस्पति कार्यालय
मकवानपुर


**वैज्ञानिक नाम** – अपरकुलिना टरपेथम
*Operculina turpethum* (L.) S. Manso

**नेपाली नाम** – निशोध

**वानस्पतिक परिवार** – Convolvulaceae

**अन्य नामहरू** – निशोध, पनिला, पीठोरी, निशोत्तर, भराढी, निशोत्र, त्रिपुट, त्रिविध

## परिचय

निशोध समुद्री सतहबाट ९०० मी. उचाई सम्मको तराईको जगंलमा पाइन्छ । यो ४-५ मीटर लामो लहरा हुने र कुनै रुख अथवा झाडिमा सहारा लिएर धेरै फैलने वहुवर्षिय वनस्पति हो । यसको डाँठबाट दुधिलो रस आउँछ । यसका जराहरू कमलो चम्किलो तथा गुदी भएका धेरै फैलिएर जमिनको समानान्तर रुपमा बढेका हुन्छन् । यसको डाँठ जमिन माथि तथा अन्य बिरुवामा बेरिएर रहेको र डाँठमा ३-४ वटासम्म पखेटा जस्तो पातलो झिल्ली निस्केको हुन्छ । यसका पातहरू भेट्नो भएका हरिया अण्डाकार र मुटु आकारका ४-१०×१.५ से.मी.सम्म हुन्छन् । नयाँ पातहरू पहिले केही लाम्चो आकारका हुन्छन् । ४-५ से.मी. लामा सेता सोली आकारका फूलहरू झुप्पामा फुलेका हुन्छन् । यसका पत्रदल (sepals) लगभग २ से.मी. लामा र फल लागी सकेपछि पनि रहिरहने हुन्छन् । यसमा फल विकसित भइसकेपछि पनि अलि ठूलो आकारको पत्रदल समेत रहेको हुन्छ । यसमा ०.२५ से.मी. व्यास भएका चार वटासम्म कालादाना भएका बिउहरू रहेका हुन्छन् ।



निशोधको बिरुवा

## फूल फुल्ने तथा फल लाग्ने समय

कार्तिकदेखि माघसम्म

## पाइने स्थान

नेपालको पश्चिम क्षेत्र बाँके र बर्दियामा यो जंगली रुपमा नै पाइएको छ। भारत लगायत पूर्वी अफ्रिका, उत्तरी अष्ट्रेलीयामा पनि पाइन्छ।

## प्रशारण

बिउ र डाँठको कटिङ्गबाट बिरुवा उत्पादन गर्न सकिन्छ।

## उपयोगी भाग

जरा

## रासायनिक तत्व

यसको रेजिनमा टरपेथिनिक एसिड पाइन्छ। जरामा स्टरपेथिन, β-टरपेथिन र volatile oil पनि पाइन्छ।

## उपयोग

यसको जरा जलपको राम्रो स्रोत हो। यसको सुकेको जरामा औषधीय गुण पनि हुन्छ। कब्जियत, ज्वरो, खोकीका साथै जण्डिस, प्यारालाइसिस तथा आखाँको रोगमा समेत यसको उपयोग गरिन्छ।

## खेती प्रविधि

यसलाई नेपालको १००० मी.सम्मको उचाइ भएको तराई क्षेत्रमा खेती गर्न सकिन्छ। यसको लागि बलौटे माटो राम्रो मानिन्छ। दुई किसिमले यसको वेर्ना उत्पादन गर्न सकिन्छ।

(क) **बिउबाट** : कार्तिकदेखि यसमा फल पाक्न सुरु हुन्छ। बिउलाई संकलन गरी केही समय घाममा सुकाउनु पर्दछ। त्यसपछि १२ घण्टा पानीमा भिजाएर अर्को दिन नर्सरीमा बेर्ना राख्नु पर्दछ। बेर्ना राखेको एक हप्ताभित्र बिउहरू उम्रिन्छन्।



निशोधको फूल



निशोधको फल

(ख) **डाँठको कटिङ्गबाट**: फागुन-चैत्र तिर यसका डाँठलाई सानो टुक्रा गरी एउटा टुक्रामा तीनवटा आँख्ला पर्ने गरी काटेर नर्सरी ब्याडमा रोप्नु पर्दछ। यसरी कटिङ राख्दा जरा विकास गर्ने पाउडर (Rootex no-१) मा डुबाएर रोप्दा राम्रो हुन्छ अथवा वर्षातको समयमा डाँठको टुप्पा सार्दा पनि उम्रिन्छ।

## बिरूवा रोपण

नर्सरीमा तयार गरिएका बेर्नाहरू कुनै रुखको फेदमा अथवा बारमा रोप्नु पर्दछ। यो धेरै फैलिएर लहरा हुने बिरुवा भएकोले रोपेको ठाउँमा कुनै साहारा दिने काठ राखेर पनि खेती गर्न सकिन्छ। एउटा रुखको वरिपरी २ वटासम्म बिरुवा रोपेमा राम्रो हुन्छ। पहिलो वर्षमा झारपात उखेली सिंचाईको राम्रो व्यवस्था गर्नु पर्दछ।

## बाली संकलन

यसको जरा चम्किलो हाँगाहरूमा विभाजित भएको र टाढासम्म फैलिएको हुन्छ। जरा संकलन गर्दा त्यसमा बोक्रा सहितै संकलन गर्नु पर्दछ। यसरी संकलित जराहरूलाई सफा गरी लगभग ५ देखि १० से.मी.मा टुक्राहरू बनाई हावालाग्ने ठाउँमा सुकाई सकेपछि बोरामा प्याकिङ गरेर भण्डारण गर्नु पर्दछ।

## बजार

नेपालमा हाल यसको संकलन र बिक्री कार्य भएको छैन तर यहाँका आयुर्वेदिक उद्योगहरूले भारतबाट यसको आयात गरेको पाइन्छ। सामुदायिक वन, निजीवन, र कबुलियती वन क्षेत्रमा निशोधको खेती गर्न सकिने सम्भावना प्रशस्त रहेको छ।

**सम्पादक मण्डल**

**सल्लाहकारहरू**
डा. अन्नपूर्णा नन्द दास
(महानिर्देशक)
सुषमा उपाध्याय
(उप-महानिर्देशक)

**सम्पादन**
निर्मला फुयाल
सरोजा अधिकारी
सरस्वती भट्टराई

**कम्प्यूटर**
अमित दवाडी

सम्पर्क
**प्रचारप्रसार तथा डकुमेन्टेसन शाखा**
फोन नं.: ०१ ४२६८२४६